
Vol.20
नेपाली

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation



2021.10

## "ओता वानो साइतेन" को आयोजना गरिनेछ।

"ओता वानो साइतेन" मा जापानको विभिन्न परम्परागत संस्कृतिहरू अनुभव गर्न सकिन्छ। के तपाईं वास्तविक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आइरहेको जापानको परम्परागत संस्कृतिहरू अनुभव गरी, जापानको मन महसुस गरेर हेर्न चाहनुहुन्छ?



### अनुभव वर्कसपहरू



1. फ्लावर अरेन्जमेन्ट, टी सेरेमोनी, क्यालीग्राफी
2. जापानी बाजाहरू (कोतो, स्यामिसेन, स्योको)
3. जापानी नृत्य

*सबैको लागि अग्रिम रूपमा आवेदन दिनुपर्नेछ।

*अनुभव गर्ने विधा अनुसार सहभागीको संख्या र सहभागी शुल्क फरक हुन्छ। विस्तृत जानकारीको लागि ओता सहर संस्कृति प्रवर्द्धन संघको होमपेजमा हेर्नुहोस्। साथै अनुभव गर्ने बेला जापानी भाषालाई विदेशी भाषामा अनुवाद गरिनेछैन। सबै जापानी भाषामा गरिनेछ।

**कहिले**

आवेदन अवधि: 2021 साल अक्टोबर 29 तारिख (शुक्रबार)~ नोभेम्बर 23 तारिख (मंगलबार)
आयोजना अवधि: 2022 साल जनवरी 8 तारिख (शनिबार)~ मार्च 19 तारिख (शनिबार)

**कहाँ**

ओता कुमिन प्लाजा
〒146-0092 ओता सहर सिमोमारुको 3-1-3

**सम्पर्क**

ओता सहर संस्कृति प्रवर्द्धन संघ
☎ 03-3750-1611　FAX 03-3750-1150
Email arts-ws@ota-bunka.or.jp





## "Ota स्पोर्ट्समा अन्तर्राष्ट्रिय आदानप्रदान"



के तपाईं जापानी नागरिकहरूसँग फुटसल खेलेर स्पोर्ट्समा आदानप्रदान गर्न चाहनुहुन्छ? जुनसुकै राष्ट्रियता र लिङ्ग भए पनि हुन्छ। सिकारुहरू पनि ढुक्क भएर सहभागी हुन सक्नेछन्!

आवेदनको लागि यहाँ जानुहोस्।

**कहिले**

2021 साल डिसेम्बर 19 तारिख (आइतबार)
1:00 pm~5:00 pm

**कहाँ**

स्योवाजिमा निच्योमे पार्क फुटसल ग्राउन्ड, युवा फुटबल मैदान
〒143-0004 ओता सहर स्योवाजिमा 2-3-1

**सम्पर्क**

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981　FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp


# आर्थिक वर्ष 2021 मा पहिलो पटक "अन्तर्राष्ट्रिय सहर ओता राजदूत" बन्नुभएको 13 जनाको परिचय

हामीले उहाँहरूलाई जापानमा आउन मन लाग्नुको कारण र राजदूतको गतिविधि प्रतिको संकल्पबारे सोधेका छौं।



**प्रश्नहरू**

1 नाम
2 राष्ट्रियता
3 जापानमा आउन मन लाग्नुको कारण भन्नुहोस्।
4 राजदूतको रूपमा गतिविधिहरू गर्दा तपाईंलाई गर्न मन लागेको कुरा र संकल्पबारे भन्नुहोस्।




1 Hongo Alexandra (होङ्गो अलेक्जान्ड्रा)
2 बुल्गेरिया
3 म 15 वर्षको हुँदा परिवारसँग जापानमा आएको हुँ।
4 म दाइबा सिटी, शिशु स्याहार सम्बन्धी जानकारी, स्थानीयलाई मात्र थाहा भएका ठाउँहरू, उत्सुकता जगाउने पसलहरू जस्ता ओता सहरको विभिन्न "अनुहारहरू" को जापान लगायत विदेशमा पनि प्रसार गर्नेछु।



1 Wang Cheng (ओउ सेइ)
2 चीन
3 खासमा म पहिले चीनमा भएको जापानसँग व्यापार गर्ने कम्पनीमा काम गर्थें र मलाई कामको सिलसिलामा धेरै जापानमा आउनुपर्थ्यो। मेरो 2013 सालमा जापान मुख्यालयमा सरुवा भयो।
4 म ओता सहरमा आयोजना गरिने विभिन्न आदानप्रदानका कार्यक्रमहरूमा सहभागी हुन चाहन्छु। साथै मलाई हानेदा इनोभेसन सिटी प्रति पनि रूची हुनाले, म त्यसको प्रचारप्रसार र इभेन्टहरूमा सहभागी हुन चाहन्छु।



1 Chiarino Araujo Paula (किआरिनो आराउहो पाउला)
2 उरुग्वे
3 म कामको लागि जापानमा आएको हुँ।
4 म इभेन्टमा सहभागी हुन, ओता सहरको नयाँ ठाउँहरूमा जान र अनलाइनमा साथीहरूसँग आफ्ना अनुभवहरू साट्न चाहन्छु।



1 Chahlaoui Oualid (सिआहाराइ वारिदो)
2 ट्युनिसिया
3 जापान सुरक्षित देश हो र मलाई जापानको संस्कृति र जापानी भाषा साह्रै मन पर्ने हुनाले (म जापानमा आएको हुँ।)।
4 म उच्च माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई कोरोना भ्याक्सिनको महत्त्व प्रवर्द्धन गर्ने पर्चाको वितरण कार्य गर्नेछु, अरबी, फ्रेन्च र इटालियन भाषा सिकाउनेछु र सामाजिक सञ्जालमा ओता सहरको आकर्षणबारे जापान लगायत विदेशमा पनि प्रसार गर्नेछु।



1 Galindo Fujimoto Arturo Mitsuo (गालिन्डो फुजिमोतो आर्टुरो मिचुओ)
2 मेक्सिको
3 जापानमा सुरक्षित र राम्रो वातावरण छ। अनि मेरो हजुरबुबा वाकायामा जिल्लामा जन्मेको जापानी व्यक्ति हुनाले म जापानसँग सम्बन्ध भएको व्यक्ति हुँ। यी कुराहरूले गर्दा म जापानमा आएको हुँ।
4 म सामाजिक सञ्जाल मार्फत ओता सहरको उत्कृष्ट ठाउँहरू (ओनसेन, पार्क, तामा नदी, कला सङ्ग्रहालय आदि) सेयर गर्न चाहन्छु। आफन्त र साथीहरूलाई पनि यस्ता जानकारीहरू दिन चाहन्छु।



1 Sivisay Souksavay (सीवाइसाइ सुक्कुसावाइ)
2 लाओस
3 म प्रवासी विद्यार्थी हुँ। जापान आउनु मेरो सपना थियो।
4 संस्कृति, अन्तर्राष्ट्रिय आदानप्रदान, पर्यटन र शिक्षामा ज्यादै रूची छ।

1 Lara Hernandez Jorge Mario
(लारा हेर्नान्डेज जोर्ज मारिओ)




2 ग्वाटेमाला

3 टेक्नोलोजी ग्वाटेमालाको भन्दा अत्यन्तै आधुनिक हुनाले र मलाई जापानको संस्कृति र परिकारहरू मन पर्ने हुनाले म जापानमा आएको हुँ।

4 म मातृभूमिमा खेलिने गेम र मातृभूमिको उत्सवहरू जस्ता सांस्कृतिक जानकारी दिन र मेरो मातृभाषा, स्पेनिश भाषाको क्लास गर्न चाहन्छु।

1 Bonfante Pereira Igor
(बोनफान्टे पेरेइरा इगोर)



2 ब्राजिल

3 खासमा मलाई पहिलेदेखि नै जापानको संस्कृति मन पर्थ्यो, त्यसैले आफ्नो सीप निखार्न चाहेकोले म जापानमा आएको हुँ।

4 म इन्टरनेटको प्रयोग गरी ओता सहर र जापानको आकर्षणबारे आफ्नो देश लगायत संसारभरि नै जानकारी दिन चाहन्छु।

1 Raho Numa (राहो नुमा)



2 पापुआ न्यू गिनी

3 जापान अत्याधुनिक प्रविधिको लागि परिचित देश हो। मलाई आफ्नो देश बाहेकका कुराहरू पनि अझ बढी थाहा पाउन मन भएकोले म जापानमा आएको हुँ।

4 म मेरो देश र जापानको मिल्ने कुराहरू र भिन्नताहरू अध्ययन गर्नको लागि, खेलकुदको प्रदर्शनी र सांस्कृतिक इभेन्टहरूमा सहभागी हुन चाहन्छु।

1 Bayarkhuu Javkhlan
(बायार्खु ज्याबखुलान)



2 मङ्गोलिया

3 किनभने मलाई समृद्ध र दयालु जापानको संस्कृतिदेखि व्यवस्थित क्रम र लगनशीलता सिकी, संसारको अग्रगामी राष्ट्रहरू मध्येको एउटा राष्ट्रमा पर्ने जापानमा इन्जिनियरिङ अध्ययन गर्ने चाहना थियो।

4 म ओता सहरवासीहरूसँग जानकारी आदानप्रदान गरी, नयाँ कुरा सिक्न र थाहा पाउन सक्ने खाल्का इभेन्ट र गतिविधिहरू गर्न चाहन्छु।

1 Chhuon Soksereymongkoul
(च्यूओन सोकुसेराइमोङ्कोल)



2 कम्बोडिया

3 म प्रवासी विद्यार्थी हुँ। टेक्निकल कलेज पूरा गरेपछि म इन्जिनियरसम्म अध्ययनलाई निरन्तरता दिन चाहन्छु।

4 म स्वयंसेवा गतिविधिहरू र कम्यूनिकेसन स्कीलको सुधार गर्न चाहन्छु। सम्भव भएमा कम्बोडियाको संस्कृतिको पनि परिचय गराई, अन्य देशहरूको संस्कृतिबारे पनि थाहा पाउन चाहन्छु।

1 Emmi Maliza Hutagaol
(एमी मलिजा हुतागाओल)



2 इन्डोनेसिया

3 म जापानमा आउनुको कारण प्राकृतिको सुन्दरता तथा संस्कृति र उच्च कार्य नैतिकताको लागि जापान प्रसिद्ध हुनाले हो। त्यसैले म जापानमा विभिन्न कुराहरू सिक्न चाहन्छु।

4 म विशेष गरी जापानको संस्कृति र कला सम्बन्धी ज्ञान हासिल गरी, ओता सहरवासीहरूको लागि केही गर्न सक्ने हुने गरी मेहनत गर्न चाहन्छु।

1 Selly Andriani (सेली आन्ड्रिआनी)



2 इन्डोनेसिया

3 जापानमा चिकित्सा सेवा आदि सम्बन्धित कुराहरू अध्ययन गरी, यो क्षेत्रको अनुभव बटुलेपछि केयर वर्करको राष्ट्रिय परीक्षामा उत्तीर्ण हुने चाहना भएकोले म जापानमा आएको हुँ।

4 म जापानको संस्कृति र अन्य देशहरूको संस्कृतिको बारेमा थाहा पाउन चाहन्छु। साथै मेरो सहर, पाडानदेखि इन्डोनेसिया संस्कृतिबारे जानकारी प्रदान गर्न चाहन्छु।



सम्पर्क
अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227
FAX 03-5744-1323

# युवा आदानप्रदान केन्द्र "युइच्चु" को जानकारी

युवा आदानप्रदान केन्द्र "युइच्चु" खेलकुद, संगीत, विभिन्न प्रकारका आदानप्रदान तथा तालिम जस्ता विभिन्न क्षेत्रका सामूहिक गतिविधिहरूको लागि प्रयोग गर्न सकिने सुविधा हो। यस केन्द्रमा सामूहिक प्रयोजनका सुविधाहरूकासाथ साथै पश्चिमी शैलीका कोठाहरूमा समूहमा आबद्ध नभएको व्यक्तिहरू पनि राती बस्न सक्छन्। यस केन्द्र भित्रको आराम गर्ने ठाउँमा, 11:00 am~3:00 pm (अन्तिम अडर 2:30 pm) सम्म लन्च खान सकिन्छ।
यस केन्द्रबारे अझ धेरै थाहा पाउन चाहने व्यक्तिले युवा आदानप्रदान केन्द्र "युइच्चु" को HP हेर्नुहोस्।





| | |
|---|---|
| कहिले | हरेक दिन 9:00 am~8:00 pm, डिसेम्बर 29 तारिख~अर्को वर्षको जनवरी 3 तारिख बन्द हुनेछ। |
| शुल्क | समूहको सदस्यको विवरण अनुसार प्रयोग शुल्क फरक छ। |
| कति जना | 5 जना वा सोभन्दा बढीको समूह (पश्चिमी शैलीको कोठामा 1 जनादेखि बस्न सकिन्छ।) |
| आवेदन दिने तरिका | आवेदन फारम (केन्द्रमा राखिएको छ। HP मा पनि छ) लिएर केन्द्रमा जानुहोस्। अथवा हुलाक मार्फत केन्द्रमा पठाउनुहोस्। |

| | |
|---|---|
| आवेदन दिने ठाउँ (सम्पर्क) | युवा आदानप्रदान केन्द्र "युइच्चु"<br>〒143-0006 ओता सहर हेइवाजिमा 4-2-15<br>☎ 03-6424-5101 FAX 03-6424-5120 E-mail info@yuits.jp |

# निवासी कर भुक्तानीबारे (चरण 3)

चरण 3 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद नोभेम्बर 1 तारिख हो।
म्यादसम्ममा भुक्तानी गर्नुहोस्।
चरण 4 को भुक्तानी म्याद 2022 साल जनवरी 31 तारिख हो।
नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं।
कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

| | |
|---|---|
| सम्पर्क | कर भुक्तानी शाखा<br>☎ 03-5744-1205<br>FAX 03-5744-1517 |

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323